कार्यपालिकाको बैठक सख्याः- ३८औं (पहिलो दिन)
बैठक मितिः- २०८२।१२।०८
समयः- दिउँसो १.०० बजे ।
स्थानः- भोटखोला गाउँपालिकाको कार्यालय, हटिया, सङखुवासभा ।

आज मिति २०८२।१२।०८ गते गाउँ कार्यपालिकाका अध्यक्ष श्री वाङछेदर लामाज्यूको अध्यक्षतामा देहायका गाउँ कार्यापालिकाका सदस्यहरुका उपस्थितिमा बैठक बसी निम्नानुसारका प्रस्तावहरु माथि छलफल गरी देहाय अनुसारका निर्णय पारित गरियो ।

उपस्थिति :-

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री वाङछेदर लामा | |
| २ | उपाध्यक्ष | श्री साहाना लामा | |
| ३ | वडाध्यक्ष-१ | श्री नुर्पु च्यावा | |
| ४ | प्रमुख प्र.अ. | श्री फुर्पु भोटे | |
| ५ | वडाध्यक्ष-२ | श्री जिप्पा तेन्जिङ भोटे | |
| ६ | वडाध्यक्ष-३ | श्री पासाङ भोटे | |
| ७ | ~~का.का~~.वडाध्यक्ष -४ | श्री ~~थेन्जुङ भोटे~~ छिरिङ तापाङ | |
| ८ | वडाध्यक्ष -५ | श्री बाल कुमार राई | |
| ९ | का.पा.सदस्य | श्री दावा भुटिक भोटे | |
| १० | का.पा.सदस्य | श्री चिप्पा भोटे | |
| ११ | का.पा.सदस्य | श्री सलिना राई | सलिना |
| १२ | का.पा.सदस्य | श्री सरिता वि.क. | सरिता विश्वकर्मा |
| १३ | का.पा.सदस्य | श्री जयबाउ भोटे | |
| १४ | का.पा.सदस्य | श्री चेक्टुक भोटे | |

अन्य कर्मचारीहरु :-

| | | | |
|---|---|---|---|
| १ | प्रशासन शाखा प्र. | श्री दावा भोटे | |
| 2 | स्वकीय सचिव | फुर्पु दोर्जी च्यावा | |
| 3 | का. स. | लाक्पुङ लामा | |
| 4 | का.स. | छेरिङ भोटे | |

३८औ कार्यपालिका बैंठकको प्रस्तावहरु

१.मिसन ग्रासरुट जनता आवास जस्तापाता सहयोग कार्यक्रम सम्बन्धमा ।

२.१३औ गाउँसभा अधिवेशन सम्बन्धमा ।

३.हुङगुङ छेन्सुम(छेसुम्ब) किमाथांका कृषि सडक निर्माण सम्बन्धमा ।

४.डि.पि.आर प्रतिवेदन स्विकृति तथा भुक्तानी सम्बन्धमा ।

५.शिर्षक परिवर्तन सम्बन्धमा ।

६.नयाँ थप योजना तथा कार्यक्रममा वजेट विनियोजन सम्बन्धमा ।

७.रैथाने बालीको मूल्य संशोधन सम्बन्धमा ।

८.ऐन कानून राजपत्रमा प्रकाशन सम्बन्धमा ।

९.विउ अनुदान सम्बन्धमा ।

१०.एमपिक ईनर्जी प्रा.लि.कमलपोखरी काठमाण्डौको जलविधुत आयोजना निर्माण संचालनको अनुमति सम्बन्धमा ।

११.विज्ञापन सम्बन्धमा ।

१२.हुङगुङ कृषि सडक सम्बन्धमा ।

१३.आर्थिक सहायता सम्बन्धमा ।

१४.शैक्षिक योजना निर्माण समिति गठन सम्बन्धमा ।

१५.कार्यविधी स्विकृत सम्बन्धमा ।

१६.परिक्षा संचालन सम्बन्धमा ।

१७.सामुदायिक स्वास्थ्य ईकाइ स्थापना तथा संचालन सम्बन्धमा ।

१८.प्रदेश योजना आयोगमा आयोजना,योजना तथा कार्यक्रम पेश गर्ने सम्बन्धमा ।

१९. ऐन / कानून निर्माण गर्ने सम्बन्धमा

निर्णयहरु

निर्णय नं १

प्रस्ताव नं १ माथी छलफल गर्दा मिसन ग्रासरुट जनता आवास जस्तापाता सहयोग कार्यक्रम संचालन गर्न आ.व.२०८२/०८३ मा स्थानिय तह/गाउँपालिकाबाट कार्यक्रम संकेत नं १३४.२२.१.१९ खर्च शिर्षक नं २७२१९ मा रु.३०,००,०००।—(तिस लाख) विनियोजन गरिएको ।सो कार्यक्रम संचालन गर्न ५ वटै वडाहरुलाई लाभग्राही छनौट गरि आवश्यक जस्ता तथा सो संग सम्बन्धीत सामग्रीहरु खरिद गरी वितरण गर्न देहाय अनुसारको रकम बाँडफाँट गरी सम्वन्धित वडा कार्यालयबाट कार्यन्वयन गर्ने निर्णय पारित गरियो ।

देहाय

१.वडा नं १ लाई रु.३,७५,०००।—

२.वडा नं २ लाई रु.६,७५,०००।—

३.वडा नं ३ लाई रु.५,७५,०००।—

४.वडा नं ४ लाई रु.५,२५,०००।—

५.वडा नं ५ लाई रु.८,५०,०००।—

जम्मा रु.३०,००,०००।—

निर्णय नं २

प्रस्ताव नं २ माथी छलफल गर्दा १३औ गाउँसभा अधिवेशन मिति २०८२ साल चैत्र १० गते बस्ने निर्णय पारित गरियो ।

निर्णय नं ३

प्रस्ताव नं ३ माथी छलफल गर्दा हुङगुङ छेन्सुम किमाथांका कृषि सडक निर्माण सम्बन्धमा बिवाद उत्पन्न भई बिभिन्न निकायमा उजुरी समेत परेकोले निर्माण कार्य कार्यान्वयन गर्न नसकिरहेको अवस्थामा मिति २०८२/१२/०२ गते गाउँपालिका अध्यक्ष श्री वाङछेदर लामाको अध्यक्षतामा बसेको सर्वदलिय/सर्वपक्षिय बैठकको निर्णय अनुसार उत्त कृषि सडक निर्माणको लागी सहमती भएको र सो कार्यको लागी IEE को प्रतिवेदन प्राप्त भएपश्चात निर्माणको लागी विधुतिय बोलपत्र आव्हान गरि कार्य अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं ४

प्रस्ताव नं ४ माथी छलफल गर्दा भोटखोला गाउँपालिका वडा नं २ स्थित याक खर्क,खिम्बुचेन,बकान र रिदाक जोड्ने कृषि सडक निर्माण कार्यको लागी तयार भएको डि.पि.आर.को प्रतिवेदन स्विकृत गर्ने निर्णय पारित गरियो । साथै उत्त कार्यको लागी आर्थिक सहयोग गर्ने Summit Energy Solution pvt.ltd बाट रु.१५,००,०००।—(पन्ध्र लाख) गाउँपालिका विविध खर्च खातामा जम्मा भैसकेकोले उत्त डि.पि.आर.को भुत्तानी विविध चालु खर्च शिर्षकबाट दिने निर्णय पारित गरियो ।

भोटखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हेदिया, संखुवासभा कोशी प्रदेश, नेपाल २०७३

कार्यपालिकाको बैठक सख्या:- ३८औं (दोश्रो दिन)

बैठक मिति:- २०८२।१२।०९

समय:- बिहान ७.०० बजे ।

स्थान:- भोटखोला गाउँपालिकाको कार्यालय, हटिया, सङ्खुवासभा ।

उपस्थिति :-

| स.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री वाङछेदर लामा | |
| २ | उपाध्यक्ष | श्री साहाना लामा | |
| ३ | वडाध्यक्ष-१ | श्री नुर्पु च्यावा | |
| ४ | प्रमुख प्र.अ. | श्री फुर्पु भोटे | |
| ५ | वडाध्यक्ष-२ | श्री जिप्पा तेन्जिङ भोटे | |
| ६ | वडाध्यक्ष-३ | श्री पासाङ भोटे | |
| ७ | वडाध्यक्ष -४ | श्री विकास तामाङ | |
| ८ | वडाध्यक्ष -५ | श्री बाल कुमार राई | |
| ९ | का.पा.सदस्य | श्री दावा भुटिक भोटे | |
| १० | का.पा.सदस्य | श्री चिप्पा भोटे | |
| ११ | का.पा.सदस्य | श्री सलिना राई | सलिना। |
| १२ | का.पा.सदस्य | श्री सरिता वि.क. | सरिता विश्वकर्मा |
| १३ | का.पा.सदस्य | श्री जयबाउ भोटे | |
| १४ | का.पा.सदस्य | श्री चेक्टुक भोटे | |

अन्य कर्मचारीहरु :-

| | | | |
|---|---|---|---|
| १ | प्रशासन शाखा प्र. | श्री दावा भोटे | |
| २ | सूचना प्र.अ. | श्री फुर्पु दोर्जी भोटे/च्यावा | |
| ३ | ना.प्र. | ल्हाजुङ लामा | |
| ४ | का.स. | तेन्जिङ भोटे | |
| ५ | स्वकीय सचिव | फुर्पु दोर्जी च्यावा | |

निर्णय न. ५:-

प्रस्ताव नं. ५ माथि छलफल गर्दा दहायका योजना तथा कार्यक्रमहरुलाई शंसोधन गर्ने निर्णय गरियो

| सि नं | संकेत नं | शिर्षक नं | साविक योजना/कार्यक्रमको नाम | स्वीकृत बजेट रु | शंसोधित योजना/कार्यक्रमको नाम | बजेट |
|---|---|---|---|---|---|---|
| १ | १३४.२२.१.११८ | २२५२८ | किमाथांका महोत्सव कार्यक्रम | ४५००००।- | १ नं. वडा कार्यालय व्यवस्थापन | ४५००००।- |
| २ | १३४.२२.१.१५ | २२५२९ | किमाथांका नाका अन्तर्राष्ट्रिय सांस्कृतिक तथा कोशी पर्यटन वर्ष महोत्सव कार्यक्रम | १००००००।- | दमै नावाको घरदेखि मोम्बी छुग बाटो ढलान योजना १ नं. वडा | १००००००।- |
| ३ | १३४.२२.१.१८९ | ३११५१ | फाराङ कृषि सडक | २०००००। | हुङगुङ सामुदायिक भवन तारबार घेराउ योजना ३ नं. वडा | २०००००।- |
| ४ | १३४.२२.१.१५० | २२५२९ | किमाथांका महोत्सव | १५००००।- | टिजुखोला पुल मर्मत योजना वडा नं. ३ | १५००००।- |
| ५ | १३४.२२.१.१८८ | २२५१२ | सिप विकास तालिम कार्यक्रम | ४०००००।– | जानीगाउँ अलैंची, सिंचाई पाइप व्यवस्थापन कार्यक्रम | ४०००००।- |
| ६ | १३४.२२.१.१८६ | २२५२९ | कृषि कार्यक्रम | ४०००००।- | जानीगाउँ अलैंची, सिंचाई पाइप व्यवस्थापन कार्यक्रम | ४०००००।- |
| | १३४.२२.१.८० | ३१११२ | श्री बरुण आ.वि.र श्री हिमालय आ.वि.किमाथांका भवन युडब्लु एस नेपालसँग सहकार्यमा निर्माण | ३००००००।- | श्री बरुण आ.वि. भवन युडब्लु एस नेपालसँग सहकार्यमा निर्माण | ३००००००।- |
| ७ | १३४.२२.१.६२ | ३११५९ | रैथाने भण्डारण भवन निर्माण योजना भोटखोला ३ हटिया | ४७६०००।- | रैथाने बाली भण्डारण तथा खाद्य व्यवस्था तथा व्यापार कम्पनी कार्यालय स्थापना तथा व्यवस्थापन कार्यक्रम | ४७६०००।- |

निर्णय नं ६

प्रस्ताव नं ६ माथी छलफल गर्दा आ.व.२०८२/०८३ मा समपूरक कोष कार्यक्रम संकेत नं १३४.२२.१.६७ खर्च शीर्षक नं ३११५९ मा रु.१,५९,४०,०००।– विनियोजित वजेटबाट आ.व.२०८२/०८३ मै कार्य सम्पन्न हुने गरी अनुसूचीका योजना तथा कार्यक्रममा वजेट बाडफाँट गरि कार्यान्वयन गर्ने निर्णय पारित गरियो ।

| क्र.नं | योजना तथा कार्यक्रमको नाम | वजेट | कार्यान्वयन हुने स्थान |
|---|---|---|---|
| १ | गोला कवर्डहल ईनभर्टर खरिद,कलरीङ,कुर्सी खरिद तथा सवारी पार्किङ सहित मञ्च निर्माण | रु.८,००,०००।- | भोटखोला गा पा वडा नं ४ सङखुवासभा |
| २ | राप्सा सामुदायिक स्वास्थ्य ईकाइ भवन निर्माण | रु.१०,००,०००।- | भोटखोला गा पा वडा नं ५ सङखुवासभा |
| ३ | हटिया कृषि सडक ट्र्याकओपन | रु.१२,००,०००।- | भोटखोला गा पा वडा नं ३ सङखुवासभा |
| ४ | झ्यम्वे मेङकाङ कम्पाउण्ड तथा ग्यविन वाल निर्माण योजना | रु.१,००,०००।- | भोटखोला गा पा वडा नं २ सङखुवासभा |
| ५ | यावाखोला पेल्ट्रिक सेट मोटर खरिद तथा मर्मत | रु.३,००,०००।- | भोटखोला गा पा वडा नं ५ सङखुवासभा |
| ६ | छोङग्राङ वजार संरक्षणको लागी ओक्तीखोला तट्वन्धन | रु.५,००,०००।- | भोटखोला गा पा वडा नं ४ सङखुवासभा |
| ७ | छिलिम जाने बाटो निर्माण | रु.५,००,०००।- | भोटखोला गा पा वडा नं ४ सङखुवासभा |
| ८ | दलित वेल्डीङ मेसिन खरिद | रु.२,५०,०००।- | भोटखोला गा पा वडा नं ४ सङखुवासभा |
| ९ | दलित वेल्डीङ मेसिन खरिद | रु.२,५०,०००।- | भोटखोला गा पा वडा नं ५ सङखुवासभा |
| १० | नुप्छोलिङ गुम्बा भवन निर्माण | रु.८,००,०००।- | भोटखोला गा पा वडा नं ४ सङखुवासभा |
| ११ | गोला स्वागत गेट थप निर्माण | रु.३,००,०००।- | भोटखोला गा पा वडा नं ४सङखुवासभा |
| १२ | डाडागाउ देखि कामी गाउँ जाने बाटो निर्माण | रु.२,५०,०००।- | भोटखोला गा पा वडा नं ५सङखुवासभा |
| १३ | पहिरे जाने बाटो निर्माण | रु.३,००,०००।- | भोटखोला गा पा वडा नं ५सङखुवासभा |
| १४ | हेमा खानेपानी निर्माण | रु.५,००,०००।- | भोटखोला गा पा वडा नं ४ सङखुवासभा |
| १५ | नामासे युथक्वल खेलकुद कार्यक्रम | रु.२,००,०००।- | भोटखोला गा पा वडा नं ४ सङखुवासभा |
| १६ | श्री कृष्ण मा.वि स्काउट दिक्षान्त कार्यक्रम | रु.७५,०००।- | भोटखोला गा पा वडा नं ४ सङखुवासभा |
| १७ | श्री वालकल्याण आ.वि शौचालय मर्मत | रु.१,५०,०००।- | भोटखोला गा पा वडा नं ४ सङखुवासभा |
| १८ | श्री हेदाङना ईलाका प्रहरी कार्यालय तारवार घेराउ योजना | रु.२,००,०००।- | मकालु गा पा वडा नं ३ सङखुवासभा |
| १९ | सोर्चुङ गुम्बा शौचालय निर्माण | रु.३,००,०००।- | भोटखोला गा पा वडा नं ३ सङखुवासभा |
| २० | नाङसाछेलिङ गुम्बा खानेपानी निर्माण | रु.२,००,०००।- | भोटखोला गा पा वडा नं ३ सङखुवासभा |
| २१ | डम्पिङसाईट तथा ईन्सिनेरेसन साईट निर्माण | रु.८,००,०००।- | भोटखोला गा पा वडा नं ३ सङखुवासभा |
| २२ | श्री बरुण आ.वि.भवन UWS नेपालसंग सहाकार्यमा निर्माण | रु.२०,००,०००।- | भोटखोला गा पा वडा नं ४ सङखुवासभा |
| २३ | दश वर्षे शैक्षिक योजना निर्माण | रु.२,००,०००।- | |
| २४ | शैक्षिक सत्र २०८३ को क्यालेन्डर छपाई | रु.१,५०,०००।- | |
| २५ | सिम्बोक्प टेलिकम टावर सामग्री ढुवानी बाटो र फाउन्डेशन निर्माण | रु.५,००,०००।- | भोटखोला गा पा वडा नं २ सङखुवासभा |
| २६ | श्री माक्पालुङ आ.वि.कम्पाउण्ड घेराउ योजना | रु.१,००,०००।- | भोटखोला गा पा वडा नं २ सङखुवासभा |
| २७ | उपाध्यक्ष संग महिला वालबालिका तथा जेष्ठ नागरिक सम्मान कार्यक्रम | रु.२,००,०००।- | |

**निर्णय न. ७:-**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा रैथानी बाली संरक्षण, प्रवर्द्धन तथा बजारिकरणको लागि विगत आ.व.मा निर्धारण गरेको दररेटमा तपशिल अनुसार शंसोधन गर्ने निर्णय गरियो ।

**तपशिल :-**

| सि नं | विवरण | ईकाइ | साविक दर | हाल संशोधित/कायम गरिएको दर | कैफियत |
|---|---|---|---|---|---|
| १ | चौरीको घिउँ | प्रति के.जी. | १५००।- | १२००।- | |
| २ | छुर्पी | प्रति के.जी. | १२००।- | १०००।- | |
| ३ | राज्मा सिमी | प्रति के.जी. | ६००।- | ३००।- | ४२२ के.जी. रु. ६००।– प्रति के.जी. को दरले किसानबाट खरिद गरेतापनि संशोधित दररेट अनुसार विक्री गर्ने । |

**पुनश्चः-** रैथानी बाली संरक्षण, प्रवर्द्धन तथा बजारिकरणको लागि खरिद गरिएका बाली तथा खाद्यवस्तुहरु तोकिएको मूल्यमा १०% थप गरी विक्री गर्ने निर्णय गरियो ।

**निर्णय न. ८:-**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा पालिकाले तयार गरिएका कानूनहरुलाई राजपत्रमा प्रकाशन गर्नको लागि १३ औं गाउँसभा अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय न. ९:-**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा कृषि शाखा मार्फत रैथाने बाली संरक्षण, प्रवर्द्धन र बजारिकरण कार्यक्रममा मौज्दात रहेका फापरको विऊँलाई व्यक्तिगत वा सामुहिक फापर खेती गर्ने इच्छुक कृषक तथा कृषक समूह/आमा समूहहरुलाई (पालिकामा दर्ता भएका) निशुल्क वितरण गर्ने निर्णय गरियो ।

**निर्णय न. १०:-**

प्रस्ताव नं. १० माथि छलफल गर्दा मिति २०८२।०२।०७ गते एम्पिक इनर्जी प्रा.लि.कमलपोखरी काठमाण्डौको जलविद्युत आयोजना निर्माण सञ्चालनको अनुमति सहितको सिफारिस एमपिक प्रा.लि.द्वारा यस भोटखोला गाउँपालिका वडा नं. ४ स्थित बरुणखोलामा प्रस्तावित तल्लो बरुणखोला जलविद्युत आयोजना (१३२ मे.वा.) ले सामाजिक उत्तरदायित्व अन्तर्गत भोटखोला गाउँपालिकाको धार्मिक, सांस्कृतिक रुपमा रहेको बरुणखोलामा गाउँपालिकाले तयार पारेको बरुणधामको डि.पि.आर. बमोजिमको बरुणधाम निर्माण लगायत अन्य कार्यहरु आयोजनाले भोटखोला गाउँपालिकाको प्रत्यक्ष राय, सुझाब र सल्लाह बमोजिम गर्ने व्यहोरा प्रतिवद्धता सहित तल्लो बरुणखोला जलविद्युत आयोजनाको निर्माण सञ्चालनको लागि भोटखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको निर्णय सहित सिफारिस गरिदिनहुन अनुरोध भई आएको पत्र उपर कार्यालयले सो सम्बन्धी राय सुझाबको लागि ४ नं. वडा कार्यालयलाई यस कार्यालयको च.नं. ६३८ र मिति २०८१।०२।२५ को पत्रबाट आवश्यक राय सुझाबको लागि ४ नं. वडा कार्यालयलाई अनुरोध गरी पठाएकोमा वडा कार्यालयको च.नं. ७२२ र मिति २०८२।०३।०६ को प्राप्त पत्रबाट सांस्कृतिक सम्पदा बोकेको पवित्र तिर्थस्थल

रुणधाममा गाउँपालिकाले तयार गरेको डि.पि.आर. अनुसार काम गर्न अनुमति प्रदान गर्न र आयोजनाको भावित क्षेत्रको जनताहरुलाई स्वास्थ्य, शिक्षा र अन्य भौतिक पूर्वधार विकास निर्माणमा सहयोग गर्ने, आयोजनामा जनताहरु पूर्ण मालिक बन्ने (शेयरमा) प्रकृतिको शेयरमा पूर्ण हुने र बरुणनदीको प्राकृतिक स्वरुप संरचनामा खलल नपुर्याई आयोजना निर्माण गर्न दिने भनि ४ नं. वडा समितिको मिति २०८२।०३।०५ ाते बसेको बैठकको निर्णयबाट राय सुझाब पेश हुन आएकोले सो बमोजिम एम्पिक इनर्जी प्रा.लि.कमलपोखरी काठमाण्डौलाई जलविद्युत आयोजना निर्माण सञ्चालनको अनुमति लागि सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय न. ११:-**

प्रस्ताव नं. १० माथि छलफल गर्दा डिमा आधारभूत सामुदायिक स्वास्थ्य इकाई कार्यालयमा रिक्त रहेको अनमी पदमा पदपूर्तिका लागि प्रकाशन गरिएको विज्ञापन अनुसार कुनै पनि उम्मेद्वार नपरेकोले पुनः १५ दिनको समय अवधि तोकी विज्ञापन प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय न. १२:-**

प्रस्ताव नं.१२ माथि छलफल गर्दा हुङगुङ कृषि सडक निर्माण योजनाको बाँकी मौज्दात रकम रु. १३,७५,०००।– ले ३ नं. वडा कार्यालयदेखि छोथाङ्गा गाउँ हुँदै गुवाछेसा आ.वि.सम्म जाने कृषि सडक खन्ने निर्णय गरियो ।

**निर्णय न. १३:-**

प्रस्ताव नं.१३ माथि छलफल गर्दा तपशिलमा उल्लेखित विपन्न व्यक्तिहरुलाई औषधि उपचार/आगलागीबाट क्षति वापत विविध कार्यक्रम खर्चबाट आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो

क. श्री लाक्चुङ भोटे भोटखोला – ३, लाई रु. २५,०००।–
ख. श्री उत्तरमान राई भोटखोला – ५, लाई रु. २५,०००।–
ग. श्री दावालेण्डुक भोटे भोटखोला- ३, लाई रु. २५,०००।-
घ. श्री ङातेम्बा भोटे भोटखोला – ३, लाई रु. २५०००।– (आगलागी)

**निर्णय न. १४:-**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस भोटखोला गाउँपालिकाको दश वर्षे स्थानीय शैक्षिक योजना निर्माण गर्न तपशिलमा उल्लेखित ७ सदस्य समिति गठन गरियो ।

१.संयोजक :- श्री चेक्टुक भोटे, गाउँपालिकाको सदस्य ।
२. सदस्य :- श्री मनोज गुरुङ, विद्यालय व्यवस्थापन समितिको अध्यक्ष कृष्ण मा.वि. गोला ।
३. सदस्य :- श्री उमेश कुमाल, सूचना प्रविधि अधिकृत, भोटखोला गाउँपालिकाको कार्यालय
४. सदस्य :- श्री रुद्र राई कम्प्यूटर अपरेटर अधिकृत, योजना शाखा प्रमुख ।
५. सदस्य :- श्री डा. छिरिङ तेम्बा भोटे, अरुणोदय उ.मा.वि. लिङ्गग भोटखोला गाउँपालिका-२,
६. सदस्य :- श्री रिदर सिरु लामा, शिक्षा विज्ञ, लैङ्गिकहिंसा रोकथाम परियोजना, भोटखोला गा.पा.
७. सदस्य सचिव :- श्री लक्ष्मी घिमिरे खतिवडा, शिक्षा अधिकृत भोटखोला गाउँपालिकाको कार्यालय ।

~~आजको बैठक अन्त्य गरियो~~ ।

सरिता विश्वकर्मा

सालिना

निर्णय नं १५

प्रस्ताव नं १५ माथी छलफल गर्दा भोटखोला गाउँपालिकाको सामुदायिक स्वास्थ्य ईकाइ स्थापना, संचालन तथा व्यवस्थापन कार्यविधि २०८२ लाई स्विकृत गर्ने निर्णय पारित गरियो ।

निर्णय नं १६

प्रस्ताव नं १६ माथी छलफल गर्दा मिति २०८२/०९/३० गते प्रकाशित विज्ञापन नं ०६-०८२/०८३ अ.हे.व पदको परिक्षा २०८३/०१/१६ गते संचालन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं १७

प्रस्ताव नं १७ माथी छलफल गर्दा भोटखोला गाउँपालिका वडा नं ५ स्थित रप्सामा नयाँ सामुदायिक स्वास्थ्य ईकाइ २०८३ वैशाख महिना भित्र स्थापना गरि संचालन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं १८

प्रस्ताव नं १८ माथी छलफल गर्दा कोशि प्रदेश योजना आयोगमा आ.व.२०८३/०८४ को लागी आयोजना,योजना तथा कार्यक्रमहरु तपशिल अनुसार पेश गर्ने निर्णय पारित गरियो ।

| सि.नं | कार्यक्रमको नाम | वजेट | कार्यान्वयन हुने स्थान |
|---|---|---|---|
| १ | श्री हिमालय आ.वि.भवन निर्माण योजना | रु.५०,००,०००।- | भोटखोला गा पा वडा नं १सङखुवासभा |
| २ | फोहर तथा ढल व्यवस्थापन कार्यक्रम | रु.२५,००,०००।- | भोटखोला गा पा वडा नं १सङखुवासभा |
| ३ | हुङगुङ गाउँ पहिरो व्यवस्थापन योजना | रु.३०,००,०००।- | भोटखोला गा पा वडा नं ३सङखुवासभा |
| ४ | छोथांग देखि फाराङ सम्म कृषि सडक निर्माण | रु.२५,००,०००।- | भोटखोला गा पा वडा नं ३सङखुवासभा |
| ५ | हटिया तातोपानी संरक्षण योजना | रु.२५,००,०००।- | भोटखोला गा पा वडा नं ३सङखुवासभा |
| ६ | हटिया कृषि सडक ढलान योजना | रु.५०,००,०००।- | भोटखोला गा पा वडा नं ३सङखुवासभा |
| ७ | श्री अरुणोदय आवासिय भवन निर्माण -बहुवर्षे | रु.१,००,००,०००।- | भोटखोला गा पा वडा नं २सङखुवासभा |
| ८ | चेपुवा कृषि सडक स्तरउन्नती योजना | रु.५०,००,०००।- | भोटखोला गा पा वडा नं २सङखुवासभा |
| ९ | नामासे घट्टेखोला झोपु निर्माण योजना | रु.३,००,०००,०००।- | भोटखोला गा पा वडा नं ४सङखुवासभा |
| १० | श्री कृष्ण मा.वि आवासिय भवन निर्माण-बहुवर्षे | रु.२,४०,००,०००।- | भोटखोला गा पा वडा नं ४सङखुवासभा |
| ११ | गोला लिंगम मांखिम प्रादेशिक सडक निर्माण | रु.३,००,००,०००।- | भोटखोला गा पा वडा नं ४सङखुवासभा |
| १२ | कपासे तुङखालिङ कृषि सडक स्तर उन्नति | रु.७,००,००,०००।- | भोटखोला गा पा वडा नं ५सङखुवासभा |
| १३ | रैथानेवाली संरक्षण प्रवर्धन तथा वजारीकरण | रु.२५,००,०००।- | भोटखोला गा पा सङखुवासभा |

<u>निर्णय न.- १९ :-</u> प्रस्ताव नं. १९ माथि छलफल गर्दा यस भोटखोला गाउँपालिकालाई थप आवश्यक ऐन/कानून तथा नियमावलीहरु तयार गर्नु पर्ने भएकोले परामर्शदाताद्वारा देहायका ऐन/कानून तथा नियमावलीहरु यस आ.व. २०८२/०८३ मा नै तयार गर्न लगाउने निर्णय गरियो ।

| क सं. | विवरण |
|---|---|
| १ | आर्थिक बर्ष २०८३/२०८४ को अर्थ सम्बन्धमा व्यवस्था सम्बन्धी ऐन,२०८३ |
| २ | आर्थिक बर्ष २०८३/२०८४ को विनियोजन सम्बन्धमा सम्बन्धी ऐन,२०८३ |
| ३ | खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी ऐन,२०८३ |
| ४ | आर्थिक कार्यविधि नियमित गर्ने तथा आन्तरिक नियन्त्रण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण सम्बन्धी ऐन,२०८३ |
| ५ | आधारभूत जनस्वास्थ्य सेवा सन्चालन र व्यवस्थापन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण सम्बन्धी ऐन,२०८३ |
| ६ | भाषा, संस्कृति तथा कलाको संरक्षण र विकास सम्बन्धी ऐन,२०८३ |
| ७ | सामाजिक संघ संस्था दर्ता, सुचिकरण र परिचालन सम्बन्धी कानूनलाई संशोधन र एकिकरण सम्बन्धी ऐन,२०८३ |
| ८ | सहकारी संस्थाको स्थापना, सन्चालन, व्यवस्थापन र नियम गर्ने सम्बन्धमा सहकारी सम्बन्धि कानूनलाई संशोधन र एकीकरण सम्बन्धी ऐन,२०८३ |
| ९ | कर तथा गैह्र कर राजश्व संकलन र व्यवस्थापन गर्ने सम्बन्धी कानूनलाई संशोधन र एकिकरण सम्बन्धी ऐन,२०८३ |
| १० | स्थानीय सेवा सन्चालन व्यवस्थापन तथा कर्मचारीको सेवाको शर्त तथा सुविधा सम्बन्धी ऐन,२०८३ |
| ११ | स्थानीय सार्वजनिक लिखत प्रमाणिकरण र प्रकाशन सम्बन्धी कार्यविधि कानूनलाई संशोधन र एकीकरण सम्बन्धी ऐन,२०८३ |
| १२ | गाउँ सभा सञ्चालन नियमावली, २०८३ |
| १३ | भोटखोला गाउँ कार्यपालिका (कार्य विभाजन र कार्य सम्पादन) नियमावली, २०८३ |
| १४ | भोटखोला गाउँपालिका सार्वजनिक खरिद नियमावली, २०८३ |